# प्रदेश सभा

**सुदूरपश्चिम प्रदेश**
**२०७७/०३/२४**
**छैटौं अधिवेशन**
**(पच्चिसौं बैठक)**

**बाचन पत्र (रिडिङ्ग पेपर)**

**पिठासिन माननीय सभामुख अर्जुन बहादुर थापा**

१. माननीय सदस्यहरु,

यस सभाको छैटौं अधिवेशनको पच्चिसौं बैठकको कार्वाही प्रारम्भ हुन्छ ।

२. माननीय सदस्यहरु,

आर्थिक बर्ष २०७७/०७८ को राजश्व र व्ययको अनुमान (बजेट) सँग सम्बन्धित सुदूरपश्चिम प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक र आर्थिक वर्ष २०७७/०७८ को सेवा र कार्यहरूको लागि प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक माथिको बाँकी छलफल प्रारम्भ हुन्छ ।

**सर्वप्रथम माननीय महेश दत्त जोशीलाई समय दिन्छु ।समय ५ मिनेट**

माननीय सभामुख महोदय, आर्थिक बर्ष २०७७/०७८ को राजश्व र व्ययको अनुमान (बजेट) सँग सम्बन्धित सुदूरपश्चिम प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक र आर्थिक वर्ष २०७७/०७८ को सेवा र कार्यहरूको लागि प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक दुइवटा विधेयक माथि छलफल गर्ने अनुमति चाहान्छु । सुदूरपश्चिम प्रदेश सरकारले असाढ १ गते ल्याएको बजेट यो बजेट सुदूरपश्चिम प्रदेशका जनताको लागि ३३ अरब ३७ करोड ५८ लाख २६ हजार यो सुदूरपश्चिम प्रदेशको तर्फबाट आएको छलफलमा हामी सहभागि छौ । जनप्रतिनिधीको नाताले म सम्पूर्ण यो गरिमामय सभामा सभामुख मार्फत अनुरोध गर्न चाहान्छु यो छलफलमा अवरुद्ध गरिनु हुदैन यो बजेट सरकारको मात्रै होइन यो बजेट सुदूरपश्चिम बासि सम्पूर्ण जनताको बजेट हो त्यसैले जनताको कामलाई अवरुद्ध गर्नुहुन्न मैले सुने बजेट माथि कुनै पनि प्रतिपक्षले प्रश्न उठाएको छैन त्यसैले यो बजेट सर्वसम्मत रुपमा आजै पारित हुनुपर्दछ भन्ने मेरो अनुरोध छ सभामुख महोदय र यो सर्वसम्मत बजेट छ भनेर नाराबाजी गर्ने माननीय सांसदज्यूहरुको मुखबाट पनि बजेटको विरोध हामीले कतै सुनेनौ सभामुख महोदय त्यसैले पनि यो बजेट उत्कृष्ट बजेट र सर्वमान्य बजेट बजेटको सिद्धान्तमा आधारित भएर आएको बजेट एउटा अर्थविद् माननीय मन्त्रीले ल्याएको बजेट सुदूरपश्चिम प्रदेश सरकारको बजेट सर्वसम्मत रुपमा आजै पारित हुन्छ भन्ने हामीलाई विश्वास लागेको छ । प्रतिपक्षका सांसदहरु पनि बजेट प्रति सारै खुशी भएर कोरोनाको हिसाब मागि रहनु भएको छ । कोरोना त अहिले समाप्त भएको छैन अझै कोरोनामा खर्च हुनेवाला छ त्यसको हिसाब किताब पनि यो बजेट भित्रै छ हामीले स्वास्थ्यलाई पहिलो प्राथमिकतामा राखेका छौ सभामुख महोदय सभामुख मार्फत म सरकारलाई धन्यवाद दिन चाहान्छु । यस बर्षको बजेटमा स्वास्थ्य क्षेत्र एक नम्बरमा रोजगारी र कृषि क्षेत्रलाई दोस्रो प्राथमिकतामा राखेको छ यसरी यो बजेट प्रदेशको

जनताको भावना अनुसार प्रदेशको आवश्यकता अनुसार यो प्रदेशको समस्यालाई इङ्गित गरेर आएको बजेट छ सभामुख महोदय, त्यसैले जनताले ठुलो भरोसा र आशा गरेका छन् यो बजेट माथि यो बजेटको तुरुन्त कार्यान्वयन होस बजेट कार्यान्वयनमा विगतमा समस्या देखिए विगतको बजेट सरकारले कार्यान्वयन गर्न सकेन भन्ने गुनासोलाई पनि हामी यहा समिक्षा गर्न चाहान्छौ । त्यो कुरा प्रतिपक्षका सांसदहरुले पनि हाम्रो कुरा सुन्ने धैर्यता गर्नु पर्दथ्यो उहाहरुले हाम्रो जनप्रतिनिधीको यहा जनताका आवाज बुलन्द गर्ने एउटा सार्वभौम सत्ता सम्पन्न सदनलाई अवरुद्ध गरेर जनताको भावनालाई अवरुद्ध गरिरहनु भएको छ त्यसैले यो बजेट जनताको बजेट आवश्यक बजेट भएको कारणले यसलाई हामी सर्वसम्मत रुपमै लैजान चाहान्छौ तर कार्यान्वयनको कुरा हामीले पनि केहि आलोचना गर्नुपर्ने थियो । सरकारको केही सुझाव दिनु पर्ने थियो । सरकारलाई केही कुराहरु भन्नु पर्ने थियो । केही कुराहरु हामीले भनेका छौ । मानवीय त्रुटीहरु हुन सक्छ यो बजेटमा, प्राविधिक त्रुटी हुन सक्छ यो बजेटमा र छपाइको त्रुटी पनि हुन सक्छ यो बजेटमा यो तीन वटै कुरालाई यो सरकारले सच्याउछु भनेर भनिसकेको छ । सार्वजनिक रुपमै सरकारको तर्फबाट यो प्रतिवद्धता आइसकेपछि सत्तारुढ दल नेपाल कम्युनिष्ट पार्टी नेकपाले यो बजेट पारित गर्नै पर्छ भन्ने निर्णयमा पुगेको छ सभामुख महोदय र सरकारले यो बजेटलाई छपाईको त्रुटी, मानवीय त्रुटी वा प्राविधिक त्रुटी भएको रहेछ भने त्यो सच्याउनु पर्दछ भन्ने हाम्रो जोडदार माग रहेको छ सभामुख महोदय, यो तीन वटै कुरामा टेकेर बजेटको सिद्धान्तको आधारमा बजेटको अवधारणाको आधारमा त्रुटीहरुलाई सच्याउन सरकार तयार हुनुपर्दछ भने आजै बजेट पारित हुनेछ सभामुख महोदय त्यो कुरामा हामी ढुक्क छौ । विगतका बर्ष जस्तो फाल्गुन महिना सम्म बजेट कार्यान्वयन नगर्ने फाल्गुनको महिना सम्म विगतको बजेट कार्यान्वयन भएन विगतमा हामीले हस्ताक्षर पनि गर्यौ । सत्तारुढ दलकै सांसदहरुले हस्ताक्षर गर्यौ सभामुख महोदय हामीले मुख्यमन्त्रीज्यूलाई दियौ बजेट सन्तुलित हुनुपर्छ भनेर बजेट जनताको हितमा सन्तुलित बजेट आउनु पर्छ भन्ने हाम्रो माग थियो मुख्यमन्त्रीज्यूले त्यो माग सम्बोधन गर्नु भयो तर २०७६ फाल्गुनमा गर्नु भयो । २०७६ फाल्गुनमा मुख्यमन्त्रीज्यूले त्यो बजेट सम्बोधन गर्नुभयो तर फाल्गुनको अन्तिममा त कोरोना आइहाल्यो अनि बजेट पनि आयो कोरोना पनि आयो र २०७६ मा बजेट कार्यान्वयन हुन सकेन सभामुख महोदय त्यसैले यो ०७७।०७८ को बजेट यही श्रावण १ गतेबाट कार्यान्वयन हुनु पर्दछ भन्ने हामी सत्तारुढ सबै सांसदहरुको सरकारलाई अनुरोध छ । सरकारलाई हाम्रो अपील छ बजेटमा अब ढीलाई गर्नुहुदैन बजेट प्रत्येक महिना कार्यान्वयन भएको रिपोर्टीङ हुनु पर्दछ मन्त्रालयमा मन्त्रीज्यूहरुले त्यो रिपोटीङ दिनु पर्दछ त्यो प्रतिबद्धता लिनु पर्दछ बजेट कार्यान्वयनमा ढीला सुस्ती भयो भने हामीले प्रश्न खडा गरेका छौ फेरी पनि हामी हस्ताक्षर खडा गर्ने छौ म सरकारलाई चुनौति दिन चाहान्छु र अबको सत्तारुढ दलको हस्ताक्षर माननीय मुख्यमन्त्रीलाई होइन माननीय मुख्यमन्त्रीलाई बोधार्थ जाने छ अब प्रदेश प्रमुखलाई जाने छ यो म चुनौतिका साथ भन्न चाहान्छु बजेट कार्यान्वयनमा ढीला सुस्ती भयो भने सत्तारुढ दलको हस्ताक्षर प्रदेश प्रमुखमा जाने छ माननीय मुख्यमन्त्रीलाई बोधार्थ जाने छ । यी कुराहरु हामी भन्न चाहान्छौ तर प्रतिपक्षका साथिहरु त मन्त्रीसित मिले पो भन्छन त उहाहरु त सरकारसँग मिले भन्छन हामीलाइ भन्नै दिदैनन हामीलाइ सरकारको विरोध गर्नै दिदैनन सुधारको लागि हाम्रो मैत्रृपूर्ण विरोध हो हामी सरकार त ढाल्न चाहादैनौ नेकपा कै सरकार हुन्छ जनादेश नेकपाकै पक्षमा छ त्यसैले नेकपाले बजेट कार्यान्वयन गर्नै पर्छ भन्ने हाम्रो मान्यता रहेको छ सभामुख महोदय त्यसैले प्रतिपक्षका सांसदहरु पनि बजेट प्रति सारै खुशी हुनुहुन्छ । उहाहरु दंग हुनुहुन्छ बास्तवमै यस्तो अर्थमन्त्री एउटा केन्द्रमा छ हाम्रो आर्थिक विज्ञ डा.युवराज खतिवडा एउटा यहा हुनुहुन्छ माननीय झपट बोहरा उहाहरु आर्थिक

विषयमा विज्ञ हुनुहुन्छ त्यसैले प्रतिपक्षका साथिहरु पनि खुशी हुनुहुन्छ । यो बजेट प्रति मनमा गदगद छ हाम्रो भन्दा बढी बजेट उहाको निर्वाचन क्षेत्रमा परेकै छ त्यसैले उहाहरु गदगद हुनुहुन्छ त्यसैले पनि अर्को मन्त्रीको आलोचना नहोस भन्ने पनि मनसाय उहाहरुको हुन सक्दछ तैपनि म के आलोचना गर्छु भने विगत जस्तो नहोस कार्यान्वयनमा ढीलाई नहोस बहाना बाजी नहोस बजेट समय मै कार्यान्वयन होस बजेटको सिद्धान्त कार्यान्वयनमा होस त्यस कारणले म जोडदार रुपमा कार्यान्वयनको लागि सरकारलाई अनुरोध र यो गरिमामय सदन मार्फत सभामुख मार्फत सरकारलाई अनुरोध गर्न चाहान्छु सभामुख महोदय हामीले तुलनात्मक रुपमा बजेट अरु प्रदेश भन्दा राम्रो ल्याएका छौ । अरु प्रदेशको भन्दा सन्तुलित बजेट ल्याएका छौ करका दायराहरु पनि धेरै छैनन त्यसैले जनताले कुनै पनि विरोध यो बजेटमा गरेका छैनन यो बजेटमा मैले नागरिक समाज, सुदूरपश्चिम बासि जनता, स्थानीय तहको सरकारहरुबाट कतै पनि टीकाटीप्पणी भएको सुनेन त्यसैले यो बजेट छिटो भन्दा छिटो कार्यान्वयन गर्नु पर्दछ त्यसको लागि आजै यो बजेटलाई पारित गरेर हामी जनताको बीचमा जाने छौ जनतालाई यो बजेटबाट बाढीपिडतको समस्या छ, कोरोनाको समस्या छ अहिले पनि गाउँगाउँमा बाढी पहिरो गैराखेको छ यस्तो अवस्थामा बजेट कार्यान्वयन छिटो हुनुपर्ने र यो बजेट प्रति जनताले आशा बोकेको छ । जनताले भरोसा बोकेको छ जनताले अपेक्षा गरेको छ त्यसैले यो बजेट आवश्यक छ भन्ने कुरालाई महसुस गरेर ल्याएको बजेटलाई हामी सर्वसम्मत रुपमा पारित गर्दै लैजान चाहान्छौ । कुरा रह्यो भ्रष्टाचारको हामी भ्रष्टाचार विरोधी अभियानमा लाग्न सरकारलाई अनुरोध गर्दछौ । सरकार लागि रहेको छ विगतमा पनि अख्तियार मार्फत पनि कामहरु भैरहेका छन् । हाम्रा तमाम संवैधानिक निकायहरु छन् । अख्तियारले भ्रष्टाचारीहरुलाई समातिरहेको छ सरकारले समाप्त सहयोग गरिरहेको छ र अख्तियारले गर्ने काम यो सदनले गर्दैन त्यसैले यहा सदनमा भ्रष्टाचार सम्बन्धी हामीले बोली सकेका छौ । भ्रष्टाचार न्यूनीकरणका लागि सरकार अगाडी बढ्नु पर्छ हामीले त्यो कुरा राखि सकेका छौ कहि कतै भ्रष्टाचरा भएको छ भने त्यसलाई सरकारका अंगहरुले कार्यान्वयनको दायरा भित्र कानूनको दायरा भित्र ल्याउनु पर्दछ यो कुरा सरकारलाई हाम्रो जोडदार रुपमा अनुरोध छ । भ्रष्टाचार न्यूनीकरण हुनुपर्छ तर नारा लगाएर त भ्रष्टाचार न्यूनीकरण हुदैन भ्रष्टाचारी समाइदैन भ्रष्टाचारीलाई समाउन कानून, विधि र प्रक्रिया मार्फत जनु पर्छ विधि र प्रकृयाको नारा लगाएर मात्रै हुदैन सभामुख महोदय त्यसैले विधि विधि बाटै हुन्छ, प्रक्रिया प्रक्रियाबाटै हुन्छ त्यसैले त्यो कुरामा प्रतिपक्षका सांसदहरुले ढुक्क भए हुन्छ भ्रष्टाचार विरोधी सरकार हो यो भ्रष्टाचारीहरुलाई थुन्ने सरकार हो यो त्यो हामी ग्यारेन्टीका साथ भन्दछौ नेपाल कम्युनिष्ट पार्टी नेकपाको यो सरकार भ्रष्टाचारीहरुलाई छोड्दैन समात्नु पर्छ र काही कतै सरकारको त्यसमा संलग्नता देखियो भने पार्टीले त्यस्तो संलग्नता रहेका पदाधिकारी वा कर्मचारीलाई छोड्ने छैन । भ्रष्टाचारको विषयमा हाम्रो शुन्य सहनशिलता कायमै छ भ्रष्टाचारीहरुलाई कार्वाही गर्नु पर्दछ भन्ने हाम्रो सरकारसित जोड रुपमा आवह्वान रहेको छ सभामुख महोदय त्यसैले पनि यस माथि ढुक्क भए हुन्छ कहि कतै भ्रष्टाचार भएछ भने त्यो विसौ बर्ष पछि पनि कारागारमा हुने छ भ्रष्टाचारी तर अब यो समस्या कोरोनाको छ अहिले पनि पिसिआर टेष्टबाट पोजेटिभ आउनेको संख्या धेरै छ यसलाई कसरी व्यवस्थापन गर्ने हामी सत्तापक्ष र प्रतिपक्ष सँगै भएर एउटा सँगमा रहेर हामी जनताको सेवा गर्न चाहान्छौ जनतालाई सम्बोधन गर्न चाहान्छौ । जनताका पिर मर्कालाई हामीले समाधान गर्नु पर्ने हुन्छ त्यसैले यस्तो विपद्को घडीमा यस्तो राष्ट्रिय संकटको घडीमा हामी सम्पूर्ण जननिर्वाचित जनप्रतिनिधीहरु एक ढीक्का भएर अगाडी बढ्नु पर्दछ भन्ने मेरो हार्दिक अनुरोध तथा अपिल रहेको छ । म यहाँ सभामुख मार्फत सम्पूण प्रतिपक्षी सांसदहरुलाई पनि गम्भिरता पूर्वक सत्तापक्षका सांसदका कुरा सुनिदिन हुन तपाईहरु सुन्ने अभ्यास

गर्नुहोस किन भने हामी सरकारलाई सुझाव दिएर जनताको पक्षमा काम गर्न अनुरोध गरिरहेको बेला तपाइहरु हाम्रा आवाजहरुलाई सुन्न नदिने दुस्प्रयास नगर्नुहोस त्यस्तो दुस्चेस्टा नगर्नुहोस जनप्रतिनिधीका आवाजलाई रोक्ने प्रयास नगर्नुहोस यो कुन लोकतन्त्र हो तपाईको मलाई त लाग्छ नेपाली कांग्रेसको कार्यकर्ताहरुले यस्तो गर्दैनन नेपाली कांग्रेस लामो समय लोकतन्त्रका लागि लडेको पार्टी भन्छ तर लोकतन्त्रको विधी र प्रक्रियाको पालना नगर्ने षडयन्त्र मुलक ढंगले जनप्रतिनिधीका आवाजहरुलाई रोक्न खोज्ने यो कदापी लोकतन्त्र हुन सक्दैन । मलाई संका लागि रहेको छ नेपाली कांग्रेसले कहि कतै लोकतन्त्र छोड्ने त होइन यस्तै कुरा गर्छ भने कहि कतै हामीलाई त डर पो लागि रहेको छ यस्तो अभ्यास लोकतन्त्रमा कांग्रेसले गर्दैन त्यसैले कांग्रेसलाई हामी लोकतन्त्रवादी हुन जनप्रतिनिधीका आवाज संसदमा बुलन्ध हुन्छन संसद सार्वभौम सत्ता जनताको आवाज बुलन्द गर्ने थलो हो र खास गरी यो विपक्षको थलो हो यो सरकारको थलो होइन यो विपक्षको एउटा मञ्च हो त्यसैले पनि विपक्षहरुले पनि आफ्ना आवाज यही सदन मार्फत जनतालाई सुनाउनु पर्दछ ती आवाजहरु यो रोष्टमबाट सुनाउनको लागि अनुरोध गरेर सरकारलाई भन्ने जुन विधि हो त्यो प्रकृया हो त्यो विधि र प्रक्रियाको उलंघन गर्यो भने त्यो लोकतन्त्रवादी हुन सक्दैन सभामुख महोदय त्यसैले विधि र प्रक्रियामा पनि हामी सहमत छौ विधि र प्रक्रिया संघीय लोकतन्त्रान्त्रिक संविधानले किटान गरेको छ त्यो संविधानले हामीले प्रदेशका नियमावली बनाएका छौ । त्यो नियमावलीको पनि ख्याल गर्नु पर्यो सभामुखको मर्यादाको पनि ख्याल गर्नु पर्यो सदनको मर्यादाको पनि ख्याल गर्नु पर्यो अरु सांसदहरुको मर्यादाको पनि ख्याल गर्यो भने आफ्नो पनि मर्यादा हुने हो । अरु सांसदको अपहेलना गर्ने आफ्नो मर्यादा कसरी हुन सक्दछ सभामुख महोदय त्यसैले लोकतन्त्रको पक्षमा लाग्न म प्रतिपक्षका सांसदहरुलाई सभामुख मार्फत हार्द्धिक अनुरोध गर्दछु हवस त धन्यवाद ।

३. माननीय सदस्यहरू,

अबम, प्रदेश सभा नियमावली २०७४ को नियम १३० को उपनियम (३) बमोजिम आर्थिक बर्ष २०७७/०७८ को राजश्व र व्ययको अनुमान (बजेट) तथा उक्त बजेटसँग सम्बन्धित सुदूरपश्चिम प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक र आर्थिक वर्ष २०७७/०७८ को सेवा र कार्यहरूको लागि प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक माथिको सामान्य छलफलमा उठान भएका प्रश्नहरूको जवाफ दिन **आर्थिक मामिला तथा योजना मन्त्री माननीय झपट बहादुर बोहरा**लाई समय दिन्छु ।

माननीय सभामुख महोदय, हामी विशिष्ट परिस्थितिबाट गुज्रिरहेका छौ । कोरोनाले गर्दा खेरी विश्वव्यापी रुपमा मानवीय समाजमा अर्थतन्त्र शिटिल बनाएको छ र यसै विच हामीले आर्थिक बर्ष ०७७।०७८ का लागि बजेट प्रस्तुत गरेका छौ त्यस बजेटमा हामीले सुदूरपश्चिमका जनताको मनोभावनालाई सम्बोधन हुने कोरोनाबाट शिथिल रहेको अर्थतन्त्रलाई चलायमान बनाउने आर्थिक गतिविधि विस्तार हुने र सरकार अभिभावक भएको नाताले कोरोना र कोरोना सँग सम्बन्धित यहा स्वास्थ्य सँग सम्बन्धीत कुनै पनि विषय बस्तुलाई वझेलमा पार्न नदिएर यथेष्ट बजेटको व्यवस्था गरिएको छ । यसपालिको बजेटमा सुदूरपश्चिम प्रदेशलाई उभ्याएका छौ हामीले घरजग्गा रजिष्टेसनको कर, सवारी साधनको कर, मनोरञ्जन कर व्यापक रुपमा कटौती गरी यस नयाँ परिवेशमा जनतालाई राहात दिने प्रयत्न गरेका छौ र हामीले कृषिमा लाग्ने सुदूरपश्चिम प्रदेश सरकारको सम्पूर्ण आर्थिक बर्ष ०७७ र ०७८ को लागि हामीले मिनाहा गरेका छौ त्यस्तै पर्यटन क्षेत्रमा पनि पर्यटन क्षेत्र धरासाही भएकोले व्यवसायीलाई सहुलियत दिनको लागि र अर्थतन्त्र पनरउत्थान गर्नको लागि हामीले पर्यटनमा पनि आर्थिक बर्ष ०७७।०७८ को लागि हामीले

सम्पूर्ण कर मिनाहा गर्ने व्यवस्था गरेका छौ । त्यस्तै साना तथा मझौला उद्यमीलाई यो प्रदेशमा हामीले आर्थिक उत्थान गर्नको लागि १ अरब रुपैयाको पुनरकर्जाको कोष हामीले खडा गरेका छौ । विपन्न बर्गलाई सामाजिक र आर्थिक प्रवाहको मुलधार प्रवेश गर्नको लागि १ अरब ५० करोड रुपैयाको हामीले स्वरोजगार विकास कोष खडा गरेका छौ र आर्थिक बर्ष ०७७।०७८ को पहिलो महिना देखि नै कार्यान्वयन हुने गरी कार्यक्रम तर्जुमा गरेका छौ । मलाई लाग्छ प्रतिपक्षले जे जति विरोध गर्छ सरकारको बजेट त्यति उत्कृष्ट हुन्छ भन्ने विश्वव्यापी मान्यता रहेको छ त्यसैले होला प्रतिपक्षले यस विषयमा आपत्ती उठाएको साथ साथै सुदूरपश्चिम प्रदेश सरकारको आर्थिक वृद्धिदर ७.८ प्रतिशत इनकम वित्तीय पहुचको स्थिति आयातलाई प्रतिस्थापन निर्यातलाई प्रोत्साहन र यो प्रदेशका जनतालाई अनुभूति हुने गरी साउन १ गते कार्यालय नभएका ठाउँमा कार्यालय कर्मचारी नभएका ठाउँमा प्राविधिक कर्मचारीलाई भर्ना गर्ने नीति मन्त्रीपरिषद्ले गरिसकेको छ साउन १ गते बाट समग्र रुपमा जाने छ । साथै माननीय सभामुखज्यू मार्फत म सम्मानीत सभामा अनुरोध गर्न चाहान्छु हामीले प्राविधिक कर्मचारी र कार्यालय साउन १ गते देखि संचालन हुने र हामीले डल्लो बजेटको पनि अन्त गरेका छौ सबै कार्यक्रमहरु हामीले रातो किताबमा पुष्ट्याइ गरेका छौ । यस सम्मानीत सभाबाट आएका सुझावहरुलाई हृदयमनन गरी यो प्रदेशको विकासमा कोसेढुंगाको परिणाम हासिल हुने बजेटको लक्ष्यमा हामीले समावेश गरेका छौ मलाई लाग्छ यो आर्थिक बर्ष ०७७।०७८ को बजेट उत्कृष्ट बजेटको रुपमा हामी यसलाई सावित गर्ने छौ म यो सरकारको तर्फबाट प्रतिवद्धता जाहेर गर्न चाहान्छु । साथै यो बजेट बनाउने क्रममा माननीय सभामुखज्यूबाट, माननीय मुख्यमन्त्रीज्यूबाट, माननीय मन्त्रीज्यूबाट, माननीय प्रदेश सभाका सांसदहरुबाट, माननीय प्रतिनिधी सभाका र राष्ट्रिय सभाका सांसदज्यूहरुबाट, मन्त्रीज्यूहरुबाट, बरिष्ठ नेताज्यूहरुबाट, बौद्धिक समाजबाट, नागरिक समाजवाट आएका सुझावहरुलाई मनन गरेका छौ र सम्पूर्ण सुझाव दिने महानुभावहरुलाई म सरकारको तर्फबाट र आर्थिक मामिला तथा योजना मन्त्रीको हैसियतले हार्दिक धन्यवाद र कृतज्ञता व्यक्त गर्न चाहान्छु र समग्रमा आएका सबै सुझावहरुलाई अझै परिस्कृत गरेर अझ परिमार्जित गर्दै आगामी दिनमा पनि रहेका त्रुटी र कमजोरी सच्याई हामी अझै नयाँ गन्तव्यतिर जाने छौ र यस बजेटमा मानवीय त्रुटी, यस बजेटमा छपाईको त्रुटी, यसबजेटमा अरु प्राविधिक त्रुटी छन भने हामी कानून बमोजिम सच्याएर अगाडी बढ्ने छौ । यो बजेटमा असन्तुलित भएका क्षेत्रलाई पछाडि परेको बर्गलाई पछाडि परेको भूगोललाई र जनतालाई सामाजिक न्याय र आर्थिक न्यायमा समावेश गर्नको लागि अझै हामी सन्तुलित गर्ने पूर्ण प्रतिवद्धता जाहेर गर्न चाहान्छु । यस बजेट बनाउने क्रममा सबै तह र तप्कालाई हार्द्धिक आभार व्यक्त गर्दै मेरो भनाई यही अन्त्य गर्ने अनुमति चाहान्छु धन्यवाद ।

४. माननीय सदस्यहरू,

अब, सुदूरपश्चिम प्रदेश सरकारको आर्थिक बर्ष २०७७/०७८ को राजस्व र व्ययको अनुमान (बजेट) तथा उक्त बजेटसँग सम्बन्धित सुदूरपश्चिम प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक माथिको कार्बाही प्रारम्भ हुन्छ ।

५. माननीय सदस्यहरू,

अब म, सुदूरपश्चिम प्रदेश सरकारका तर्फबाट आर्थिक मामिला तथा योजना मन्त्री माननीय झपट बहादुर बोहराद्वारा प्रस्तुत भएको आर्थिक बर्ष २०७७/०७८ को राजश्व र व्ययको अनुमान (बजेट) र उक्त बजेटसँग सम्बन्धित सुदूरपश्चिम प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको

विधेयक को दफा २ देखि २० सम्मका दफाहरू र सो सँग सम्बन्धित उपदफाहरू र अनुसूची १ देखि ६ सम्मका अनुसूचीहरू विधेयकको अंग बनोस भनी निर्णयार्थ प्रस्तुत गर्दछु ।

प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला।

प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरु "हुन्छ"भन्नुहोस

("हुन्छ" भनि सकेपछि)

प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरु "हुन्न"भन्नुहोस

("हुन्न" भनि सकेपछि)

("हुन्न" भन्ने अवाज नसुनिए)

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ सुदूरपश्चिम प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक को दफा २ देखि २० सम्मका दफाहरू र सो सँग सम्बन्धित उपदफाहरू र अनुसूची १ देखि ६ सम्मका अनुसूचीहरू सर्वसम्मतिले विधेयकको अंग बनेको घोषणा गर्दछु ।

६. माननीय सदस्यहरू,

अब म, विधेयकको प्रस्तावना र नाम पढेर सुनाउछु ।

प्रस्तावना :- प्रदेश सरकारको आर्थिक वर्ष २०७७/०७८ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त राजश्व संकलन गर्ने,कर घटाउने, बढाउने, छुट दिने तथा राजश्व प्रशासन सम्बन्धमा आवश्यक कानूनी व्यवस्था गर्न बाञ्छनीय भएकोले प्रदेश सभाले यो ऐन बनाएको छ ।

(१) संक्षिप्त नाम र प्रारम्भ :- (१) यस ऐनको नाम "सुदूरपश्चिम प्रदेश आर्थिकऐन, २०७७" रहेकोछ।

(२) यो ऐन सम्बत् २०७७ साल साउन १ गते देखि सुदूरपश्चिम प्रदेशभर प्रारम्भ हुनेछ ।

७. माननीय सदस्यहरू,

अब म, विधेयकको प्रस्तावना र नाम सुदूरपश्चिम प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयकको अङ्ग बनोस भनी निर्णयार्थ प्रस्तुत गर्दछु ।

प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला।

प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरु "हुन्छ" भन्नुहोस ।

("हुन्छ" भनिसकेपछि)

प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरु "हुन्न" भन्नुहोस।

("हुन्न" भनिसकेपछि)

("हुन्न"भन्ने अवाजन सुनिए)

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ उपरोक्त प्रस्तावना र नाम सर्वसम्मतिले विधेयकको अङ्ग बनेको घोषणा गर्दछु।

८. माननीय सदस्यहरू,

अब म,प्रदेश सभा नियमावली, २०७४ को नियम १४० को उपनियम (५) बमोजिम आर्थिक मामिला तथा योजना मन्त्री माननीय झपट बहादुर बोहरालाई सुदूरपश्चिम प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक लाई सभाबाट पारित गरियोस भन्ने प्रस्ताव पेश गर्न अनुमति दिन्छु ।

माननीय सभामुख महोदय, सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली २०७४ को नियम १४४ को उपनियम ५ बमोजिम सुदूरपश्चिम प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक २०७६ लाई सभाबाट पारित गरियोस भन्ने प्रस्ताव पेश गर्दछु धन्यवाद ।

९. माननीय सदस्यहरू,

अब म, आर्थिक मामिला तथा योजना मन्त्री माननीय झपट बहादुर बोहराद्वारा पेश भएको प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला।

प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरु "हुन्छ"भन्नुहोस

("हुन्छ" भनिसकेपछि)

प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरु "हुन्न"भन्नुहोस

("हुन्न" भनिसकेपछि)

("हुन्न"भन्ने आवाज नसुनिए)

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ" सुदूरपश्चिम प्रदेशसरकारको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक" सर्वसम्मतिबाट पारित भएको घोषणा गर्दछु।

१०. माननीय सदस्यहरू,

अब,सुदूरपश्चिम प्रदेश सरकारको आर्थिक बर्ष २०७७/०७८ को राजस्व र व्ययको अनुमान (बजेट) तथा उक्त बजेटसँग सम्बन्धित आर्थिक वर्ष २०७७/०७८ को सेवा र कार्यहरूको लागि प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक माथिको कार्बाही प्रारम्भ हुन्छ ।

११. माननीय सदस्यहरू,

अबम, प्रदेश सभा नियमावली, २०७४ को नियम १३३ को उपनियम (११) बमोजिम सुदूरपश्चिम प्रदेश सरकारका तर्फबाट आर्थिक मामिला तथा योजना मन्त्री माननीय झपट बहादुर बोहरा द्वारा प्रस्तुत भएको आर्थिक बर्ष २०७७/०७८ को राजश्व र व्ययको अनुमान (बजेट) र उक्त बजेटसँग सम्बन्धित आर्थिक वर्ष २०७७/०७८ को सेवा र कार्यहरूको लागि प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको दफा २ देखि ११ सम्मका दफाहरू र सो सँग सम्बन्धित उपदफाहरू र अनुसूची १ देखि ३ सम्मका अनुसूचीहरू विधेयकको अंग बनोस भनी निर्णयार्थ प्रस्तुत गर्दछु ।

प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला।

प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरु "हुन्छ"भन्नुहोस

("हुन्छ" भनिसकेपछि)

प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरु "हुन्न"भन्नुहोस

("हुन्न" भनिसकेपछि)

("हुन्न" भन्नेअवाजनसुनिए)

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ आर्थिक वर्ष२०७७/०७८ को सेवा र कार्यहरूको लागि प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको दफा २ देखि ११ सम्मका दफाहरू र सो सँग सम्बन्धित उपदफाहरू र अनुसूची १ देखि ३ सम्मका अनुसूचीहरू सर्वसम्मतिले विधेयकको अंग बनेको घोषणा गर्दछु ।

१२. माननीय सदस्यहरू,

अब म,विधेयकको प्रस्तावना र नाम पढेर सुनाउछु ।

प्रस्तावना :- आर्थिक वर्ष २०७७/०७८ को सेवा र कार्यहरूको लागि प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न बाञ्छनीय भएकोले, सुदूरपश्चिम प्रदेश सभाले यो ऐन बनाएको छ ।

(१) संक्षिप्त नाम र प्रारम्भ :- (१) यस ऐनको नाम "विनियोजनऐन, २०७७" रहेको छ ।

(२) यो ऐन सम्वत् २०७७ साल साउन १ गते देखि प्रारम्भ हुनेछ ।

१३. माननीय सदस्यहरू,

अब म, बिधेयकको प्रस्तावना र नाम आर्थिक वर्ष २०७७/०७८ को सेवा र कार्यहरूको लागि प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको अङ्ग बनोस भनी निर्णयार्थ प्रस्तुत गर्दछु ।

प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला।

प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरु "हुन्छ" भन्नुहोस।

("हुन्छ" भनिसकेपछि )

प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरु "हुन्न" भन्नुहोस।

("हुन्न" भनिसकेपछि)

("हुन्न" भन्ने अवाजनसुनिए)

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ उपरोक्त प्रस्तावना र नाम सर्वसम्मतिले विधेयकको अङ्ग बनेको घोषणा गर्दछु।

१४. माननीय सदस्यहरू,

अब म, प्रदेश सभा नियमावली, २०७४ को नियम १३३ को उपनियम (१२) बमोजिम आर्थिक मामिला तथा योजना मन्त्री माननीय झपट बहादुर बोहरालाई आर्थिक वर्ष २०७७/०७८ को सेवा र कार्यहरूको लागि प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकलाई सभाबाट पारित गरियोस भन्ने प्रस्ताव पेश गर्न अनुमति दिन्छु ।

माननीय सभामुख महोदय सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली २०७४ को नियम १३३ को उपनियम (१२) बमोजिम आर्थिक वर्ष ०७७/०७८ को सेवा र कार्यहरूको लागि प्रदेश सञ्चित

कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकलाई सभाबाट पारित गरियोस भन्ने प्रस्ताव पेश गर्दछु धन्यवाद ।

१५. माननीय सदस्यहरू,

अब म, आर्थिक मामिला तथा योजना मन्त्री माननीय झपट बहादुर बोहराद्वारा पेश भएको प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला।

प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरु "हुन्छ" भन्नुहोस

("हुन्छ" भनिसकेपछि )

प्रस्तावको बिपक्षमा हुने माननीय सदस्यहरु "हुन्न" भन्नुहोस

("हुन्न" भनिसकेपछि )

("हुन्न" भन्ने आवाज नसुनिए)

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ "आर्थिक वर्ष २०७७/०७८ को सेवा र कार्यहरूको लागि प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" सर्वसम्मतिबाट पारित भएकोघोषणा गर्दछु ।

१६. माननीय सदस्यहरू,

आजको बैठकको कार्बाही यही समाप्त हुन्छ । अर्को बैठक अर्को सूचना प्रकाशित नभएसम्मका लागि स्थगित भएको घोषणा गर्दछु ।